# मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत )

मत्स्यपालन व्यवसायलाई सुदृढ गरी माछाको उत्पादन तथा उत्पादकत्व बढाई बजारीकरणका कार्यहरु समेत गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी माछा पोखरी निर्माण/सुधार, मत्स्य ह्याचरी स्थापना, मत्स्य नर्सरी स्थापना सम्वन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएकोछ।

## १. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :

### १.१ आवेदकको योग्यता :

क) आवेदक कृषक/फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ ।

ख) मत्स्य ह्याचरी स्थापनाका लागि न्यूनतम १.५ हेक्टरमा माछा पालन गरिरहेको, माउ माछा र माछा भुरा पालनको व्यवस्था आफै गर्न सक्ने हुनुपर्नेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरु :

क) माछा पाल्नका लागि उपयुक्त जग्गा भएको/माछा पालन भइरहेको प्रमाण पेश गर्नुपर्नेछ।

ख) आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी वूदा नं ३ वमोजिमको ढाँचामा तयार गरीएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

घ) आवेदकको आफ्नै वा नीजको एकाघरको परिवारको स्वामित्वमा भएको जग्गा हुनुपर्नेछ वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागी प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

## २. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण) | २५ |
| १.१ | लागत | ५ |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| १.२ | रोजगारी सृजना | ५ |
| १.२.१ | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

| | | |
|---|---|---|
| १.२.२ | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |
| १.३ | **उत्पादन र उत्पादकत्व वृद्धि** | १० |
| १.३.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा वढीले वृद्धि गर्ने | १० |
| १.३.२ | हालको उत्पादनमा ४० प्रतिशत भन्दा कमले वृद्धि गर्ने | ६ |
| १.४ | बजारीकरण | ५ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| २.१ | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा वढी सुविधा नभएको | ३ |
| २.२ | **प्राविधिक उपयुक्तता** | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको | ३ |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा वढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | ५ |
| ४.१ | १० वा १० भन्दा वढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| ५ | **अपेक्षित नतिजा र दिगोपना** | ५ |
| ६ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | १० |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तताको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या :



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

च) संचालन गरिने क्रियाकलापहरुको विवरण :

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरीएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि):

| क्र.सं. | विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ज) उत्पादित बस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :

झ) नयाँ सोच तथा तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नामः

ठेगानाः

सम्पर्क व्यक्तिः

मितिः

छापः

दस्तखतः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## ४. संचालन गर्न सक्ने क्रियाकलापहरु :

स्वीकृत बजेटको परिधी भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**(क) नयाँ पोखरी निर्माण/ पूरानो पोखरी सुदृढीकरण :**

प्रति रोपनी उपलब्ध गराउने अनुदान रकमः नयाँ पोखरी निर्माणमा रु २५,०००/- (अक्षरुपी पच्चिस हजार मात्र)/ पूरानो पोखरी सुदृढीकरणमा रु ५,०००/- (अक्षरुपी पाँच हजार मात्र), स्वीकृत लागत अनुमानका आधारमा रेश वे निर्माण।

**(ख) मत्स्य ह्याचरी स्थापना :**

मत्स्य विज (ह्याच्लीङ) उत्पादन गर्न आवश्यक पर्ने ओभरहेड टयाङ्की निर्माण, इन्कुवेसन र स्पनिङ टयाङकीहरु निर्माण, पानी व्यवस्थापन र ह्याचरी संचालनमा आवश्यक पर्ने उपकरण खरिद।

**(ग) नर्सरी स्थापना :**

नर्सरी पोखरी निर्माण, भुरा बितरण, टयाङ्कीहरु निर्माण, पानी ब्यवस्थापन र नर्सरी संचालनमा आवश्यक पर्ने उपकरण खरिद।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा